गोरखा जिल्ला अदालत गोरखा
(प्रशासन शाखा)
गोरखा

०६४-४२०१९५
०६४-४२०२३४
०६४-४२१५४१
E-mail: info.dcgorkha@supremecourt.gov..


सूचना प्रकाशित मिति :२०७६।०५।२२

**विषय : मेलमिलापकर्ताको रुपमा सुचिकृत हुने तथा सूची अद्यावधिक गर्ने सम्बन्धी सूचना**

मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ५ र ९ तथा जिल्ला अदालत मेलमिलाप कार्य संचालन निर्देशिका, २०७५ को नियम ६ र १० बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको रुपमा सुचिकृत हुन निवेदन माग गर्नुको साथै मिलमिलाप केन्द्रमा सूचिकृत रहेका मेलमिलापकर्ताहरुको सूचि अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको हुँदा यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचिकृत भएका मेलमिलापकर्ताहरु र नयाँ तालिम प्राप्त सूचिकृत हुन चाहने मेलमिलापकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस आर्थिक वर्ष ०७६।०७७ का लागि मेलमिलापकर्ताको सूची अद्यावधिक गर्न विवरण सहित दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजातहरु**

१. मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
३. मान्यताप्राप्त शिक्षण संस्थबाट कम्तिमा स्नातक उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
४. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि ।
५. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि, संसथाको नियमावली, मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृतिको प्रतिलिपि ।
६. मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो थान-२ ।

नोट : निवेदनको ढाँचाको लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्नु होला ।

०७६।५।२२